D.A.O. Kathmandu Regd. No. 451-2071/072

हरियाली रक्षक

Green Guard Bimonthly Magazine

वर्ष-५, अंक - १४ | Complimentary for School Children | May/ June - 2018



प्लास्टिक प्रदूषण निर्मुल पारौं: पुनः प्रयोग नसके बहिष्कार गरौं

Beat Plastic Pollution: if you can't reuse it, refuse it.



- प्लास्टिकमय पृथ्वी
- कपडा झोला
- Act to end plastic....



Talk Program: Beat Plastic Pollution



Green Guard, Editor



SEB Director/Physics Lecturer(T.U.)
Y.R. Thapa



Student of SEB



Student of SEB



Student of SEB



Student listening in program



सम्पादकीय/ Editorial .

Chief Editor:
Madhav Paudyal

Associate Editor:
Ramesh Bhattarai
Thaneshwor Pd. Basyal
Biraj Pun
Shashi Sharma

Chief Correspondent:
Satchit Ghimire

Editor:
Bishwanath Rijal

Photo:
Green Guard
Design & Layout:
Rajesh K.C & Sabita Shrestha
Printed at:
Heidel Press, Dillibazar

Office:
Anamnagar, Kathmandu
Mobile: 98082441 20
E-mail: greenguard2016@gmail.com

Empower People! Save wild life!

LVDI INTERNATIONAL

प्लास्टिकको विकराल समस्या

आज विश्व जगत् प्लास्टिकको प्रयोगको चपेटामा फसेको छ । मानव लगायतका जीवन्तुको स्वास्थ्य मात्र होइन पृथ्वीको माटो नै प्लास्टिकमय बन्दै गएपछि वनस्पति जगत्मा समेत असर आइपरेको छ । प्लास्टिकजन्य पदार्थको टाउको दुखाइ भइरहेको वेला विश्वका कैयौँ मुलुकले यसलाइ निषेध गर्न तथा प्रयोग गरेमा बढी भन्दा बढि कर लगाएर वातावरणमैत्री कार्य गरेका छन् । बंगलादेशको ढाकामा करिब एक दशक अघि नालामा प्लास्टिक जम्मा भएर सहर डुबानमा परेपछि प्लास्टिक झोला निषेध गरेको थियो । हाम्रा नदीनाला, पोखरी, सडक पेटी, खेतबारी प्लास्टिकले भरिभराउ छ । बिहान उठेदेखि दाँत माझ्ने ब्रस, लेख्ने कलम, पिउने कप, खाना खाने भाँडा एवंम् तरकारी सरसमान बोक्न हामी प्लास्टिककै सामान प्रयोग गर्छौं । नेपालमा २०७२ वैशाख १ गते देखि प्लास्टिक झोला निषेध गर्ने निर्णय भएको थियो तर कार्यान्वयन हुन सकेन । सम्मानित अदालतले समेत प्लास्टिक निषेध कार्यमा निकास दिन नसक्दा यो विषजन्य पदार्थको उपयोग बढीरहेको छ । देशकै प्रशासनिक निकाय सिंहदरवार प्लास्टिक निषेधित क्षेत्र घोषण भएको छ तर विडम्बना त्यहाँका पसलमा चाउचाउका प्याकेट, पानीका वोतल खैनी, गुट्खाका प्याकेट खुलेआम देखिन्छ ।

एकछिन विचार गरौं, एउटा सामान्य घर परिवारको कोठाबाट वर्षभरिमा ५ देखि १० केजी सम्मका थोत्रा प्लास्टिकका भाँडा, बोतल एवंम् झोला यो पृथ्वीमा फाल्दछौं । अध्ययनहरू अनुसार काठमाडौँमा मात्रै १० लाख टन बढी प्लास्टिक प्रयोग हुने अनुमान गरिन्छ । नेपालमा दैनिक करिब २०४ टन प्लास्टिक जन्य फोहोर उत्पादन हुने देखाएको छ । फोहोरमैला प्राविधिक सहयोग केन्द्रले फोहोरमैलामा प्लास्टिकको अंश ११ प्रतिशत पुगेको देखाएको थियो । वार्षिक करिब २२ अर्ब बराबरको प्लास्टिक आयात गरेर करिब ६ अर्ब रुपैयाँ कर असुली गर्दै रमाएको हाम्रो सरकार यसको व्यवस्थापन कि विकल्प भन्ने विषयमा मौन छ । नेपालका पाल्पा, इलाम, दमक लगायतका केही जिल्लाले २० माइक्रोनभन्दा पातलो प्लास्टिक झोलालाई निषेध गरेको पाइन्छ । मुलुकको सुन्दरताको रक्षाका लागि प्लास्टिक मात्रै होइन पृथ्वीका लागि अपाच्य बन्ने पदार्थका विषयमा विकल्प खोजियोस् । पृथ्वीको तापमान बढि रहँदा, ओजोन तह पातलि रहँदा, क्यान्सर लगायतका अनेकौँ ज्ञात अज्ञात रोगले आक्रान्त हुदा पनि अब प्लास्टिकको विकल्प खोज्न ढिलो भएको लाग्दैन ?





प्लास्टिकमा राखिएको खानेकुरा स्वास्थ्यका लागि हानिकारक

युवराज थापा

निर्देशक,

सामाखुसी इङ्लीस बोर्डिङ स्कुल



हाम्रो वरिपरि पाइने वस्तुहरूलाई ताप र बिजुली (इलेक्ट्रिसिटि)को प्रसारण र प्रवाहको आधारमा इन्सुलेटर, सेमी कन्डक्टर, कन्डक्टर र सुपर कन्डक्टर गरी चार भागमा बाँडिएको छ । जसमध्ये इन्सुलेटर (प्लास्टिक) मा ताप र बिजुलीको प्रसारण र प्रवाह हुँदैन किनभने यस्तो पदार्थको बाहिरी सेल (Outer most orbit)आठ वटा इलेक्ट्रोनहरूले भरिएको हुन्छ । प्लास्टिकले जब ताप ग्रहण गर्छ तब प्लास्टिकजन्य पदार्थका आधारभूत कणहरू (small basic units i.e. monomers) जसलाई मोनोमर्स भनिन्छ ती सक्रिय हुन्छन् र समूहगत रूपमा लामो चेनको आकारमा उत्पन्न हुन्छ । यसलाई पोलिमर्स भनिन्छ, जुन तातो खाना, पानी वा अन्य तरल पदार्थ वा त्यस भाँडामा राखिएको पदार्थमा मिसिएर र खानासँगै शरीरमा प्रवेश गर्दछ । यसबाट पाचन प्रक्रिया हुँदै रगतसम्म असर पुग्दछ जसले मुटुको चालमा नै खतरा उत्पन्न गराउँछ । धेरै पटक प्लास्टिकको भाँडामातातो खाना वा तरल पदार्थहरू जस्तै चिया, कफी लगायत अन्य खानेकुराहरू, नियमित रूपमा खाने गर्नाले मोनोमर्सको मात्रा बढ्दै जान्छ । यो शरीरका लागि अत्यधिक हानिकारक हुन्छ । प्लास्टिकको भाँडालाई प्रयोग गरेर लामो समय सम्म तातो खानेकुरा खाने व्यक्तिलाई रगतमा असर पर्ने हुनाले यसबाट मुटुको चाल बिग्रने सम्भावना अत्यधिक हुन्छ । फलतः रक्तअल्पता, रगत अशुद्धी जस्ता समस्या उत्पन्न भई रक्त क्यान्सर (blod cancer) हुने सम्भावना प्रबल भएको कुरा हाल भइरहेको अनुसन्धानले देखाएको छ ।

जीवनको आधारभूत एकाइ (Basic unit of life) सेल हो जसमा न्युक्लियस हुन्छ । त्यसभित्र धेरै तत्त्वहरूको सम्मिश्रण हुन्छ । यो सेल (Cell) को आयु निश्चित समयअवधिको हुन्छ । केही समयपछि यो सेल मर्दछ त्यही डेथ सेल (Death cell) नै हामीले नुहाउँदा हाम्रो भित्रीभागबाट निस्कने मैला हो । उदाहरणको लागि हाम्रो रगतको सेलको जीवन अवधि नब्बे दिनको हुन्छ र नब्बे दिनपछि त्यो रक्तकणको ठाउँमा नयाँ रक्त कण बन्दछ । त्यसैले रक्तदान गर्दा तीन महिनाको अवधि तोकिएको हो । यसरी हाम्रो जीवनको आधारभूत संरचनाको कण सेल (Cell) को न्युक्लियस कुनै कारणले घनत्व धेरै भई आफ्नो समयमा नफेरिनु र नमर्नु नै क्यान्सरको सुरुवात हो । यसर्थ प्रकार, असर र समय अवधिको आधारमा क्यान्सरको



अवस्था (stage) उत्पन्न हुन्छ । स्वस्थ शरीर, स्वस्थ विचार र सफल जीवनका लागि हामीले हाम्रो खानपान, प्रयोग गर्ने सामानहरू र सामानको अवस्थाहरूका बारेमा विशेष ध्यान दिनु आवश्यक छ । प्लास्टिकको वस्तुलाई





आगोमा जलाउँदा त्यसबाट उत्पन्न हुने कार्बन मोनोअक्साइड, कार्बनडाइअक्साइड, क्लोरोफ्लोरो ग्याँस जस्ता स्वास्थ्यका लागि हानिकारक तत्त्वहरू उत्पन्न हुन्छन् । जसका कारणले श्वासप्रश्वास प्रक्रियाबाट लिइएको अशुद्ध हावाबाट मुटुको चालमा असर पर्दछ र क्यान्सर लाग्ने सम्भावना प्रबल हुन्छ । साथै प्लास्टिक जलाउँदा उत्पन्न हुने क्लोरोफ्लोरो ग्याँसले गर्दा ओजन (O_3) लेयरको नास हुन्छ । सूर्यबाट आएको अल्ट्राभ्वाइलेट (Ultra - violet) विकिरण पृथ्वीको सतहसम्म आई छालाको क्यान्सर हुने अवस्था आउँछ । अतः प्लास्टिकजन्य पदार्थहरूलाई जलाउनु अत्यन्तै हानिकारक ग्याँस उत्पन्न गराएर वातावरणमा नकारात्मक असर पार्नु हो ।

प्लास्टिकको भाँडामा तातो खाना खानु स्वास्थ्यका लागि हानिकारक हुन्छ भन्ने जनचेतना जगाउनका लागि शिक्षक, विद्यार्थी, बुद्धिजीवी राजनीतिज्ञ समाजका अगुवा आदि व्यक्तिहरूका बीचमा जनजागरण अभियान चलाउनु नितान्त आवश्यक छ । यसका लागि यस हरियाली रक्षक पत्रिका मार्फत् यो अभियान व्यापक बनाउन सके सजीव प्राणीसहित मानिसहरूको स्वास्थ्यको रक्षा गर्दै स्वस्थ रहन ठूलो योगदान पुग्नेछ । बालबालिकामै यस्तो सकारात्मक भावना जागृत गराउने गरी हरियाली रक्षकले गरेको प्रयास अत्यन्तै मननीय छ । यसले भोलिको भविष्यलाई सकारात्मक सोचमा बाँच्न सिकाइरहेको छ । प्रकृति जस्तो जीवन आधारलाई बोध गर्दै भोलिको सुन्दर जीवनप्रति जागरुक गराउने यस पत्रिकाको देन देश र सारा विश्व समुदायको रक्षाका लागि साँच्चै गर्वको विषय बन्छ । त्यसैले यो हरियाली रक्षक पत्रिकाले वातावरणको स्वच्छताका लागि गरेको प्रयास र योगदान समाज र वातावरणका लागि अत्यन्तै प्रशंसनीय रहेको छ ।





प्रकृतिको शत्रु प्लास्टिक



रमेश भट्टराई "सहृदयी"

शिक्षक,

सामाखुसी इङ्लीस बोर्डिङ स्कुल

भ्यालबाट बाटाको छेउमै कुरकुरे, चिजबलको खोल या पानीको प्लास्टिकको बोत्तल फाल्दा तपाईंलाई मैले यो निर्दोष प्रकृतिमाथि प्रहार गरें भन्ने लाग्छ ? यो प्रकृतिको बोल्ने मुख भएको भए सायद अनगिन्ती न्यायाधिसहरू न्यायालयमा बहस गरिरहेका हुन्थे होलान् । मानिसले आफूलाई सजीव प्राणीको सर्वश्रेष्ठताको दर्जामा आफैंले राख्छ तर प्रकृति विनासक बनिरहँदा आफ्नो कुकृत्यमा खेद प्रकट त गर्दैन । अन्तरिक्षमा पुगेर विकल्प खोज्ने खुबी बनाइसकेको मानिस आज पृथ्वीमा प्रकृतिले निर्बाध बाँच्ने अधिकार दिएका प्राणीको संहारक बन्दैछ । मानिस यति स्वार्थी बन्यो कि कुनै स्थानलाई छोडेन- हावा, नदी, वृक्ष, खुला र सुन्दर सार्वजनिक स्थल सबैमा प्रायः प्लास्टिकले रङ्गाउन पुगेको हुन्छ । व्यस्त असभ्य बन्दै गएका स्वार्थी मानिसले भरिएको सहरी परिवेश मात्रै होइन निर्जनभै बनेका र विकट गाउँका खेतबारीमा समेत थोत्रा जुत्ता, चप्पल, प्लास्टिक बोत्तलले कुरूप बनाइरहेका छन् । हुँदा-हुँदा आज जीव जनावरका शरीरभित्र प्लास्टिकका बट्टा भेटिन्छन्, गाईवस्तुले अनजानमै प्लास्टिक खाएर पचाउन नसक्दा कति पीडा भोगिरहेका हुनन् । या त मानिसकै बच्चाले प्लास्टिकका सामानलाई मुखमा हालिरहँदा के कति दुर्घटना भए होलान्, कहाँ यकिन छ र । नदीका कापमा अड्केको थोत्रो प्लास्टिक वर्षौंसम्म पानीमा जेल्लिरहन्छ । माछाको पेटमा, चराका, गाईवस्तुका, बाख्रापाठाका पेटमा प्लास्टिक भेटिन्छन् । रुखका हाँगामा प्लास्टिक अड्किरहँदा प्रकृति कति घिनलाग्दो हुन्छ । जसलाई प्रकृतिले चाहेर पनि पचाउन नसक्ने, नमक्काउने, जलाउँदा पृथ्वीदेखि अन्तरिक्षसम्म असर पुऱ्याउने प्लास्टिक आज निर्दोष जीवको रोगको कारक बनिरहेको छ ।

प्लास्टिक प्रदूषणलाई नियन्त्रण गरौं । यदि पुनः प्रयोग गर्न नसके बहिस्कार गरेर विकल्प त खोजौं । कमसेकम कुहिने र नकुहिने फोहोरलाई व्यवस्थापन गर्ने बाटोमा आजको मानव समुदाय लागिपरोस् । ग्रिक शब्द 'प्लास्टिक' को अर्थ पुनः प्रयोग गर्न सकिने तर टुक्रँदा पनि कुहिन नसक्ने वस्तु भन्ने पनि हो । यो टुक्रिएर पनि पृथ्वीका लागि अपाच्य पदार्थ हो । हुनलाई काँच, स्टिल लगायतका धातुजन्य पदार्थ पनि पृथ्वीका लागि घातक पदार्थ बन्दै छन् । प्लास्टिकलाई वैज्ञानिकहरूले मुख्यतया सात भागमा विभाजन गरेका भए पनि मूलतः थर्मो प्लास्टिक अर्थात् तापक्रम प्रवाह गर्ने/पग्लने खाले र थर्मोसेटिक अर्थात् तापक्रमलाई प्रवाह नगर्ने/नपग्लने प्रकृतिका पाइन्छन् । यसको अर्थ हामीले दैनिक प्रयोगमा ल्याइरहेका लगभग ८० प्रतिशतभन्दा बढी सरसामान प्लास्टिकमय छन् । जसलाई पुनः प्रयोग गरिरहे पनि त्यो हितकारी बन्न नसक्ने स्वास्थ्यविद्का गुनासा छन् । समुद्री





तह प्लास्टिकले माथि उठ्ने क्रम बढ्दो त छँदै छ प्रकृतिले त्यसको बदलामा थाहै नपाएका रोगलाई जन्माउँदै पनि त छ । नदी किनारमा पूजा अर्चना गर्दै छौँ, रमाइलो गर्दै बिस्कुटको खाजा खाएर खोल फाल्दै छौँ । चुरो कुरो फाल्नेसँग भन्दा बढी निर्माण कर्ताको नीतिमा गएर ठोकिन्छ । बिस्कुटको खोल किन प्लास्टिककै बनाउने ? करिब ५०० वर्ष पुरानो प्लास्टिक कुहिन नसकेको तथ्यलाई हेर्दा माटोको उर्वराशक्ति क्षीण गराएको हामी पाउँछौँ । यो पदार्थ हावाको सहायताले प्रकृतिमा छरपस्ट हुन्छ । आजको समस्या प्लास्टिकको झोलाको अधिक प्रयोग अवश्य हो साथमा अन्य अत्यावश्यकीय प्राविधिक, व्यावसायिक प्रयोजनका धेरै नकुहिने वस्तु तथा पदार्थ पनि पृथ्वीका लागि घातक बन्दै छन् ।

मानिसले सुविधा हेरेर प्लास्टिकको उत्पादन त गऱ्यो । क्षणिक हिसाबमा सहज पनि भइरहेको छ । हरेक वस्तुलाई प्लास्टिककै बनाउने सहज उपायमा लागि परेको मान्छेले यसको नकारात्मक प्रभावलाई व्यवस्थापन गर्ने र भविष्यमा असर नपरोस् भन्ने विषयमा सोच्न नभ्याउनु पक्कै भोलिको संहार गर्ने विषयमा उद्यत हुनु पनि त हो । जलवायु परिवर्तनको सिकारलाई जन्माएर पारिस्थितिक गतिविधिलाई उथलपुथल पुऱ्याइरहेको सङ्कटमा घोत्लिन खोज्ने मान्छेले असरको चुरो बनेको प्लास्टिकको नकारात्मक प्रभावका बारेमा व्यवस्थापन गर्ने बारेमा ध्यान दिएकै लाग्दैन । पराग खाएर थुक्ने अनि त्यसको खोललाई कति सहजै मिल्काउँछौँ ? हाँसो लाग्ने र मानिसको सोचलाई नै हेर्ने हो भने प्लास्टिक उद्योगसँग कर लिने अनि यता 'प्लास्टिक नराम्रो हो, प्रयोग नगरौँ' भनी यसो वातावरण दिवसका दिन नारा निर्माण गरेर कुर्लने परम्परामा कुनै तुक छ र । त्यत्ति नै सहज र सुलभ मूल्यमा उपभोक्ताले प्राप्त गर्ने गरी प्लास्टिकको विकल्पलाई उत्पादन गर्ने सोचमा आजका बौद्धिक वर्ग र सरकार लागेको छ त ? अर्थात् यो वातावरण संरक्षण भन्ने विषयमा हामी सबै व्यक्ति-व्यक्तिमा सचेतना हुनुपर्ने होइन र । यदि यो पृथ्वी नै रहेन भने देश, गाउँ, जातिपाति, राष्ट्रियताका झगडा नै कहाँ गएर गर्ने ?

अचम्मको कुरा दैनिक बिहानीमा प्रयोग हुने दाँत माझ्ने ब्रस प्लास्टिकको हुन्छ । हरेक बिहानीदेखि प्लास्टिकका पदार्थसँग प्रेम गर्दै हुर्काइएको मानिसले सानो बच्चालाई तातो पानी समेत प्लास्टिकको बोत्तलमा हालेर खुवाइरहेका छौँ । सस्तो सामानले जीवनको सङ्कटलाई आह्वान गरिरहेको छ । प्लास्टिकलाई हामी खाइरहँदा थाहै नपाएका रोगका सिकार बन्छौँ । विद्यार्थीले प्लास्टिकको कलमको बिर्कोलाई टोकेर, चुसेर निलिरहेकै हुन्छ । पृथ्वीलाई पचाउन शताब्दीयौँ लाग्ने पदार्थलाई हामी निश्चिन्त खाइरहन्छौँ । त्यतातिर सोच्ने हाम्रो फुर्सदै कहाँ छ र । कैयौँ टन फोहोरमा प्लास्टिकको मात्रा कति हुन्छ, हामीले अनुमान गर्न सक्छौँ ? फोहोरबाट बिजुली उत्पादन गर्ने सपना बोकेका हामीले गाई बिरामी हुनुको कारक प्लास्टिक हो भन्न सक्छौँ त ! एउटा कागले प्लास्टिकमा उसका लागि चाहिने खाना देखेपछि प्लास्टिकै निल्ने जमर्को गरेको दृश्यमा मानिसले आनन्द लिने या खेद प्रकट गर्ने ? कैयौँ पन्छीको संहारक प्लास्टिक बन्दै छ । नदीसँग रमाइरहेको कछुवाको खुट्टामा अल्झेको प्लास्टिक नखोलिँदा त्यो जीवले कति सास्ती भोग्दो हो ? अर्थात्





आफ्नो आहारा सम्झेर खाने प्राणीको अवस्था के होला ? एउटा मरेको चिलको पेटमा प्लास्टिकका थुप्रै टुक्राहरू पाइएको तथ्यले यस कुरालाई पुष्टि गरेको छ । असभ्य र अव्यवस्थित ढङ्गले प्रयोग गर्दै आइरहेको प्लास्टिक घातक बनिरहेको छ, प्लास्टिक नै जलवायु परिवर्तनको कारक हो । तातो हुँदा पग्लने यो पदार्थलाई हामीले सही प्रयोग गर्ने बाटो अपनाउनु आवश्यक छ। अब बिना मूल्यमा सबैलाई सहज हुने गरी प्लास्टिकको विकल्पमा झोला उत्पादन तथा वितरण गर्ने रणनीतिमा सरकार सजग बन्नुपर्छ।

हामीले यो अमूल्य वातावरणलाई जोगाउन चाहन्छौँ भने प्लास्टिक, काँच लगायतका कुहिन गाह्रो हुने पदार्थलाई या कुहाउन सकिने कुनै केमिकल निर्माण गर्न सक्नुपर्छ जसले वातावरण र सजीव प्राणीको पारिस्थितिक पद्धतिमा असर नपरोस् कि त विकल्प खोज्नुपर्छ । विश्वव्यापी तापक्रमको भयावह अवस्थाप्रति सजग हुनुपर्ने यो अवस्थामा वैज्ञानिक आविष्कार अभिशाप बन्नु हुदैंन। पातलिँदो ओजोन तहको संरक्षणमा विश्व समुदायले जेजति चिन्ता गरे पनि प्लास्टिकको विकल्प र असरको बारेमा बोध र व्यवस्था हुँदैन तबसम्म यी सबै कुरा सामान्य गफ मात्रै हुन् । आज सगरमाथा शिविर, धार्मिक क्षेत्र, पर्यटकीय स्थलदेखि मठ-मन्दिर, वनभोज स्थल प्रदूषित छन् । कतिपय पुनप्रयोग गर्न सकिने कलमका खोल, बट्टा लगायतका चिजबिजमा व्यवस्थापनको बाटो आवश्यक छ। आज २० देखि ३० प्रतिशत बोटबिरुवा, जनावर तथा पन्छीहरू लोप हुनसक्ने भय उत्पन्न भइरहेका तथ्य भेटिन्छन् । नेपाल जलवायु परिवर्तनको असरले ग्रसित चौथो सङ्कटापन्न मुलुक



मृत पक्षिको पेटमा प्लाष्टिक, फोटाः गुगल

बनिरहँदा यो विषय वाञ्छनीय रहला भन्ने ठम्याइ हो। प्लास्टिकको प्रयोग स्वास्थ्य, कृषि व्यवस्थापन, पर्यटन व्यवसाय सञ्चालन, पानीको स्रोत व्यवस्थापन, जङ्गल, प्रकृति संरक्षण सबैतिर घातक बनिरहेको छ । हामी आफ्नो खुट्टामा बञ्चरो हान्दै छौँ कि । सरकार र हामी नागरिक सचेत बनौँ । यदि यो पृथ्वी बस्न योग्य भएन भने न देश रहन्छ न हामी रहन्छौँ। हाम्रा भावी सन्ततिको जीवन रक्षक बन्ने या भक्षक ? तिनको अस्तित्व रक्षा गर्ने विषयमा सोचौँ ।

"Look deep into nature, and then you will understand everything better."
—Albert Einstein



प्लास्टिक प्रयोगको खतरा



आशीर्वाद रेग्मी
कक्षा : नौ



आजभोलि यो संसारमा प्लास्टिकको उत्पादनले भयावह स्थितिको सृजना गरिरहेको छ। एकातर्फ यो विकासको आधार भएता पनि अर्कातर्फ प्रकृति विनासक बन्दै छ । यसको अधिक प्रयोगका कारण प्रदूषणको मात्रा बढिरहेको छ। वर्तमान परिवेशमा आएर यसको नकारात्मक प्रभावलाई देखिन थालिएको छ । आजभोलि हामीले यसको असरलाई भोग्न थालिसकेका छौँ। यसकै फलस्वरूप प्रकृतिले हामीसँग बदला लिइरहेको छ । आजभोलि नेपालमा अतिवृष्टि, अनावृष्टिको जोखिम बढिरहेको छ । प्रकृति तहसनहस हुँदा प्राकृतिक वातावरण असन्तुलित बनिरहेको छ। गत माघको २१ गते अर्जेन्टिनामा अतिवृष्टि भयो जुन अत्यन्तै लामो समयसम्म निरन्तर चलिरह्यो । एकै दिनमा त्यहाँ पानीको मात्रा करिब ५ फिट भन्दा बढी हुन पुग्यो। यसको प्रभाव छिमेकी देश बोलिभियामा पनि पर्न गयो। हामीलाई थाहै छ, बरफको डल्ला अर्थात् असिना वर्षिँदा कसरी अप्ठ्यारो पार्छ। माघको २५ गते अर्जेन्टिनाकै कार्बोडा सहरमा बरफ वर्षेको थियो जुन यतिसम्म ठूलो थियो कि जसले गाडिको सिसा, बिजुलीको पोल जस्ता स्रोत साधनमा समेत असर पुऱ्याएको थियो । जुन असिना ६ देखि ७ इन्चसम्म ठूलो रहेको थियो।

हामीले बोध गर्नुपर्ने कुरा के हो भने प्रकृतिका हरेक आपतकालीन अवस्थाको सृजना पनि हामीबाटै भएका छन्। हामीले प्लास्टिकजन्य पदार्थलाई यदि अव्यवस्थित ढङ्गले प्रयोग गर्न थाल्यौँ भने हामी वरिपरिको वातावरण त अस्तव्यस्त बन्छ नै त्यसको असर प्राकृतिक व्यवस्थापनमा पर्न जान्छ। हामीले प्लास्टिकलाई सजिलो र सहज वस्तुका रूपमा प्रयोग गरे पनि त्यसको संयोजन कसरी गर्ने, पुनर्प्रयोग कसरी गर्ने तथा वातारणीय सौन्दर्यतामा कसरी सहजीकरण गर्ने भन्ने विषयमा अब सोच्नै पर्छ। यदि त्यसो नगरे मानिसको मात्रै नभई सजीव प्राणीकै अस्तित्व लोप हुने खतरा उत्पन्न नहोला भन्न सकिन्न । यदि प्लास्टिकजन्य पदार्थले यो पृथ्वी अव्यवस्थित भयो भने हामीले कसरी जीवन सञ्चालन गर्ने किनकि प्लास्टिकलाई त प्रकृतिले पनि पचाउन सक्दैन । फलस्वरूप हाम्रो बाँच्ने अस्तित्वमा असर पर्छ । प्रकृति अव्यवस्थित हुन्छ।

हाम्रो जस्तो विकासोन्मुख देशले सरसफाइमा कदम चाल्दै स्पष्ट कार्यक्रमको तर्जुमा गर्नुपर्दछ । सरकारले कहिलेकाहीँ छास्सछुस्स केही नयाँ नीति निर्माण गरे जस्तो गर्छ तर फेरि हराउँछ । आधुनिक विकासको कुरो गफै मात्र बनिरहेको छ। कुरा छर्लङ्गै छ, प्लास्टिकजन्य पदार्थको प्रयोग यही आधारमा रोकिने र घट्ने भन्ने हुनै सक्दैन। यहाँ करिब ९० प्रतिशत वस्तु तथा सरसामान प्लास्टिकका नै हुन्छन्। ज्याकेट लगायतका कपडा प्लास्टिकमय छन् । अतः प्लास्टिकजन्य पदार्थको प्रयोगलाई रोक्नु अबको आवश्यकता हो । दैनिक कामकाजमा प्रयोग गरिने वस्तुलाई प्लास्टिकरहित बनाउने योजनामा हामी सबै मिलेर लाग्नुपर्छ । सुन्दर पृथ्वीको निर्माण र सुन्दर प्रकृतिको विकास गर्दै सुन्दर जगत्को नवविकासमा अबको पुस्ता कटिबद्ध भएर लाग्नुपर्छ। यसर्थ अब प्लास्टिकको विकल्प खोजौँ र सहजीकरण हुने सामग्रीको उत्पादन र विकासमा सबै एक हौँ।





विचार

प्लास्टिकको विकल्प किन नखोज्ने ?

निश्चित पनेरू
कक्षा : दश



रसायनको सम्मिश्रणबाट निर्माण गरिएको पदार्थ हो प्लास्टिक । सुविधालाई मात्र हेरेर प्लास्टिकको उत्पादन गर्ने कार्य त भयो तर त्यसको वातावरणीय क्षेत्रमा विकसित समस्यामूलक असरले आज सिङ्गो पृथ्वीमा सङ्कट उत्पन्न भएको छ । प्लास्टिक जलाउँदा पनि धुवाँको असर हुने र प्रयोग गरेपछि जमिनमा पनि नकुहिनो भएकाले यो वस्तु घातक बन्दै छ । धेरैभन्दा धेरै प्लास्टिक समुद्रमा फालिएका कारण त्यहाँका जीवले प्लास्टिक खान बाध्य भएका दुखद् खबर सुन्नुपरिरहेको छ । जमिनमा प्लास्टिक धेरै समयसम्म कुहिन नपाउँदा त्यसले माटोभित्रसम्म पानीलाई सोस्न दिँदैन । भनौं, भक्तपुरमा बाढी आउनुको एउटा कारक जमिनले पानी सोस्न पाउने वातावरण नहुनु पनि हो । जङ्गल छैन । प्लास्टिकले खाली जमिन पनि थुनिएकै लाग्छन् । जताततै प्लस्टर गरिएको छ । पानी सोस्ने माटो नभएपछि पानी त बग्ने नै हो अनि गहिरो स्थान खोजेर जम्ने नै हो । जहाँ होचो छ, त्यहाँ त डुब्ने नै हो । सबैलाई थाहा त छ नि यो प्लास्टिक हाम्रा लागि हानिकारक छ । सोचेकै छैनौं तर यसबाट हरेक समुदाय, परिवेश आज कुरूप बनिरहेको छ । खेतबारी, वनजङ्गल, नदी, तालतलैया, खोलानाला जताततै प्लास्टिकका नमक्काउने फोहोर छरिएका छन् ।

अब सोचौं, हामीले प्लास्टिकको विकल्पमा फलामलाई प्रयोग गर्न सक्दैनौं ? हामीले प्लास्टिकको नियन्त्रण गर्न चाहन्छौं भने के हामी काठको बिजुली बक्स बनाउन सक्दैनौं ? आज हामीले प्रयोग गर्ने कलमलाई प्लास्टिककै किन बनाउने ? के मक्काउने पदार्थबाटै निर्माण गरे हुँदैन? प्लास्टिकको सजिलोपनामा भोलिको प्रताडना छ । प्लास्टिक भित्र राखिएका तातो पदार्थ हाम्रो स्वास्थ्यका लागि हानिकारक हुन्छन् । आजभोलि तातोपदार्थ प्लास्टिकको भाँडामा हालेर खाने गर्नाले थाहै नपाई हामीले रोगको बिउ खाइरहेका छौं भन्ने कुराको यादै भएको हुँदैन । अतः यसको प्रयोगलाई सके आफैं रोकौं नत्र कमसेकम विकल्प खोजौं । प्लास्टिकका नक्कली फूलमा सुगन्ध हुँदैन चाहे जतिसुकै सजाइयोस् । प्राकृतिक वस्तुमा रमाउने मानिस नै निरोगी, स्वस्थ र स्वच्छ बन्छ । यो प्रकृतिलाई उसकै आधारमा चल्न नदिने मानिसमा यो चेतनाको विकास हुनु आवश्यक छ ।

"The environment is where we all meet; where all have a mutual interest; it is the one thing all of us share." —*Lady Bird Johnson*





जनावरको पेटमा प्लास्टिकको भण्डार

भाविका लामिछाने
कक्षा : दश



फोहोर ठाउँमा जीवनको कस्ट काटिरहेका जनावरहरूका पीडामा कतिको मन पिरोलिन्छ ? आज हामी मानिसहरू समयसँग दौडँदै छौं त ? आकाशमा स्वतन्त्र उडिरहेको चरीले सराप्दो हो । समयसँग चल्न नसक्ने अस्तव्ययस्त संसारलाई उब्जाउने असभ्य हामी मानिसले आफूलाई कसरी महान् भन्ने ? मेरा आँखाका परेली भिजेका छन् । आविष्कार गरिएका भौतिक सामाग्रीमा मलाई गर्व हैन खेद छ आज । म मानिसको अनैतिकताको पराकाष्ठालाई चियाउँछु । मानिसको मानवताको गुणमा शङ्का गर्न मन लाग्छ ।

कुनै चिज वा वस्तुको आविष्कार गर्नु मानिसको जति महान् कर्म हो त्यति घातक विषय पनि जोडिनुमा बौद्धिकता हराएको भान हुन्छ । मानिस आफूलाई सर्वश्रेष्ठताको दर्जामा आफैंले तोल्छ । तर सारा जीवको स्वतन्त्रतामा हरपल उसैले पोल्छ । लाग्छ, यो प्रकृति उसको मात्र पेवा हो । आज यो सिङ्गो पृथ्वी नै प्लास्टिकको ग्रह बन्दै छ । हामीलाई थाहा भएरै पनि प्लास्टिकलाई प्रयोग गरिरहेका छौं । तातो खानालाई प्लास्टिकमा राख्दा त्यसको असर हाम्रो स्वास्थ्यमा पर्छ भन्ने कुरालाई हामीले मनन गर्न जान्नुपर्छ । हामी मानिस सामाजिक प्राणी हौं । हामीलाई यो समाजसँग सहकार्य गर्नु छ । यो समाजलाई सुधार्ने कि बिगार्ने भन्ने चेतना हामीमा छ । हामीमा नयाँ कुराको खोज तथा अन्वेषण गर्ने क्षमता छ । हामीले बिहानदेखि साँझसम्म प्रयोग गर्ने हरेक सामानमा प्लास्टिकजन्य पदार्थको मिश्रण छ । त्यो केमिकलद्वारा बन्ने रहेछ जसले मानव स्वास्थ्यमा त प्रत्यक्ष असर गर्छ नै त्यसले हाम्रो वरपरको वातावरणलाई मात्रै होइन अन्तरिक्षमा समेत असर पारिरहेको छ । सुविधाले जीवन र सजीव प्राणीमै असर पारिरहनु पीडाको कुरा हो । हो, दैनिक काममा सहजता त यसको उत्पादनले दिलायो तर प्रकृतिलाई कुरूप बनाउँदै छ । जसको उत्पादन हामीले नै गर्‍यौं आज त्यसकै नकारात्मक असरको सिकार भइरहेका छौं । जीव जनावरका पेटमा प्लास्टिकको भण्डार निर्माण गरिरहेका छौं । फलतः धेरै जीवको अस्तित्व नै धरापमा पर्न गएको छ ।

मानिसले प्लास्टिकजन्य पदार्थको प्रयोग गर्ने क्रम बढेसँगै क्यान्सरका रोगीहरू पनि बढ्न थालेका छन् । कलमको बिर्को टोक्ने विद्यार्थीको आदतले पनि यस्तै पीडाको बोध गर्ने स्थिति नआउला त भन्न सकिन्न । त्यो प्लास्टिकको कलमलाई टोकिरहने हामीले प्लास्टिक खाएका हुन्छौं । चुइगम जुन स्वास्थ्यवर्धक होइन, तर स्वादमा मात्र हामी फसेका छौं । यसर्थ खाने मुखलाई जुँगाले छेक्न सक्दैन । हाम्रो भलाइका बारेमा हामी सचेत बन्न थाल्यौं भने प्रकृति त सुन्दर बन्छ नै हामी पनि प्लास्टिकको विकल्प खोज्नतिर लम्किन्छौं । प्लास्टिकको साटो अन्य सरसामानको प्रयोगमा दिलचस्पी राख्न थाल्छौं । प्रकृति जोगाउनु हाम्रो दायित्व हो भनेर बुझ्न थाल्छौं । कमसेकम प्लास्टिकको विकल्पलाई रोज्न थाल्छौं । फोहोरको डङ्गुरलाई बदलेर सुन्दरताको लहर फैलाउन थाल्छौं । नेपाल स्वर्ग बन्नुपर्छ भने यहाँ प्लास्टिकजन्य पदार्थको दुरुपयोग रोकिनुपर्छ । नेपाललाई फोहोरको खानी होइन सुन्दरताको प्रतीक बनाउनु पर्छ । यो प्रकृतिलाई प्लास्टिकमय बनाउने भयबाट जोगाउन अब विकल्पको बाटोलाई रोजौं ।





प्लास्टिकमय पृथ्वी

रोश्ना पौडेल
कक्षा : दश



मानिसको बौद्धिक विकासले प्लास्टिक उत्पादन गर्न सिकायो । यसको उत्पादनले काममा सहजता ल्यायो तर समस्यालाई बोध गरेन । आफ्नो फाइदालाई सोच्यो तर यसको विनासकारिताको जडलाई सोच्न चाहेको छैन । प्लास्टिकका बोत्तलको पहाडमा मानिसले गर्व गर्ने या पीडाबोध गर्ने ? धर्तीलाई पचाउन गाह्रो हुने, कैयौँ वर्षसम्म रहेर माटो विनास हुने यो पदार्थको फाइदा भन्दा ज्यादा बेफाइदाकै चाङ छ । प्लास्टिकले हाम्रो सुन्दर वातावरणलाई बिगारिरहेको छ । वातावरणमा प्रतिकूल असर पारिरहेको छ । विश्वको आधाभन्दा बढी भागलाई आज प्लास्टिकले प्रत्यक्ष असर पार्दै छ । मानिसको जीवनमा सहजताका लागि आफूलाई त सङ्कटमा पाऱ्यो नै तर प्रकृतिका निर्दोष अन्य सजीव प्राणीलाई पनि छोडेको छैन । मानिसले जल, स्थल र आकाशमा उड्नेसम्मका जीव र पन्छीलाई सङ्कटमा पारिरहेको छ । आज प्यासिफिक सागर लगायतका कैयौँ पानीका सतह प्लास्टिकमय छन् । प्लास्टिक यस्तो वस्तु रहेछ न जलाउँदा फाइदा न यो पृथ्वीमा फाल्दा मल हुने । यसलाई जलाउँदा निस्कने हानिकार ग्यासको असरले सूर्यको हानिकारक किरण छेक्ने ओजोन तहलाई पातल्याउँदा हामीले भोगिरहेका सङ्कट दिनानुदिन खतराको केन्द्र बन्दै छ । यसको प्रत्यक्ष प्रभावमा हामी लगायत सजीव प्राणीहरू छौँ ।

सागरमा माछाले प्लास्टिक खाएका समाचार सुनिन थालेका छन् । जनावरहरूले प्लास्टिक खाएर कति पीडा भोगिरहँदा हुन्, सोचनीय पक्ष छ । आज हाम्रो यो सुन्दर पृथ्वीलाई कुरूप बनाउने वस्तु प्लास्टिक बन्दै छ । हामीले एउटा असल र सभ्य नागरिकको परिचय दिने हो भने यो समस्याबाट छुटकारा पाउने र प्लास्किजन्य पदार्थको यो असरको खतराबाट जोगिने नीतिमा अग्रसर हुनुपर्छ । सरकारदेखि सदन हुँदै सडकसम्म चेतनाको बिगुल घन्किनु आवश्यक छ । व्यक्ति, समाज, देश हुँदै सारा विश्व यो विषयमा जागरुक भएर लाग्नु आवश्यक छ । यसको चेतना फैलाउने अभियानमा जुट्नु आवश्यक छ । नकारात्मक असरको ज्ञानलाई बोध गराउन, जनचेतना जगाउन सक्रिय बन्नुपर्ने देखिन्छ । प्लास्टिकको पुनर्प्रयोगका बारेमा सचेत भएर सोच्ने तथा यसको कार्यान्वयनमा कडा विकल्पको खोजी गर्नुपर्छ । वातावरणमा हानी नोक्सानी नपुऱ्याउने खालका वस्तुको खोजीमा हामीले जुट्नु आवश्यक छ । सर्वप्रथमतः मानिसमा यो भावना आफैँबाट पनि जाग्नुपर्छ ।

यो पृथ्वी हाम्रो मात्र सम्पत्ति होइन । अब आउने भावी पुस्ताका लागि पनि यो पृथ्वी चाहिन्छ । उनीहरूलाई हामीले यो पृथ्वीलाई कुरूप बनाएर होइन सुन्दर र सुरम्य तुल्याएर सुम्पनु हामी सबैको दायित्व हो । अब त यसो गरे मात्र हामी यो पृथ्वीका गुणवान् र सबल नागरिक बन्न सक्छौँ ।

प्लास्टिक प्रयोग घटाऔँ सोचेर
सुन्दर जगत्मा रमाऔँ बुझेर
स्वास्थ्य हाम्रो अमूल्य हो धन
प्लास्टिक घातक भो सबलाई भन ।



सत्य कथा

प्लास्टिकको धुवाँ



मुभिका लिम्बू
कक्षा : छ



एउटा गाउँमा एउटा सानो परिवार थियो । त्यो परिवारमा आमा, बुबा र छोरा थिए । त्यो परिवार त्यो गाउँकै निकै धनी पनि थियो । बुबा विदेशमा हुनु भएकाले उनले महिना-महिनामा विदेशबाट पैसा पठाउँथे । छोरा र आमा भएर यता घर चलिरहेकै थियो । आमा चाहिँ प्रायः आफ्नो काम गर्नका लागि सजिलो बाटो रोज्थिन । छोराको लागि प्लास्टिको टिफीन बक्स र प्लास्टिको बोत्तल थियो जसमा खानेकुरा लिएर छोरा प्रकाश स्कुल आउँथ्यो । प्लास्टिकलाई जलाउने उनको आदत पुरानै थियो । तर, त्यो उनको बाटो सजिलो भए पनि अरुलाई त्यसले हानी पुऱ्याउँथ्यो । उनी त्यसका बारेमा सोच्दिनथिन् । छोरो आठ वर्षको थियो । उसको नाम चाहिँ प्रकाश थियो ।

एक दिनको कुरा हो, प्रकाशलाई रुँघाखोकी लाग्यो । आमा धेरै चिन्तित भइन् । उनले डाक्टरलाई बोलाइन् । डाक्टरले प्रकाशलाई औषधी दिए । औषधी दिएपछि डाक्टरले उसकी आमालाई भने, "हेर्नोस्, यो बच्चालाई राम्रोसँग ध्यान राख्नुहोला । ऊ यदि अब फेरि बिरामी भयो भने उसलाई चाँडोभन्दा चाँडो अस्पतालमै ल्याउनुपर्ने हुन्छ ।" यो कुरा सुनेर दुवै आमा-छोरा डराए ।

भोलिपल्ट प्रकाश स्कुल जान सकेन । ऊ जहिले प्रथम हुने विद्यार्थी भएकाले पढाइ छुट्यो भनेर उसलाई धेरै दुःख लाग्यो । जाडोको मौसम थियो । साँझपख आमाले घर बाहिर फोहोरलाई सधैँझैँ जलाइन् । आफू घरधन्धामा लागिन् । प्रकाशलाई बोलाएर भनिन्, "बाबु तिमीलाई रुँघाखोकी लागेको छ । तिमी न्यानो कपडा लगाएर बाहिर आगो ताप्न जाऊ ।" उसले हुन्छ आमा भन्दै न्यानो कपडा लगाएर आगो ताप्न गयो । आमालाई प्लास्टिकलाई थन्क्याउन अल्छी लागेर त्यो बलिरहेको अनि छोरोले तापिरहेको आगोमा हालिदिइन् । त्यो बलिरहेको आगोको धुवाँमा प्लास्टिकको धुवाँको मुस्लो मिसियो । त्यो खराब धुवाँ छोराको श्वास-प्रश्वास सँगै उसको फोक्सोमा पर्न गयो । हावामा मिसिएर उसको शरीरमा त्यो धुवाँले अत्यन्तै ठूलो असर पाऱ्यो । ऊ त्यहीँ रिँगटा लागेर ढल्यो ।

आमाले छोरोको यो अवस्था देखेपछि आत्तिएर हस्पिटल पुऱ्याइन् । यहाँसम्म कि उसको अप्रेसन गर्नुपर्ने स्थिति सृजना भएको रहेछ । अस्पतालले प्रकाशको रगत पनि जाचँ उसको शरीरमा प्लास्टिकको विषाक्त पदार्थ फेला परेको प्रमाणित भयो । डाक्टरले आमालाई भने, "हेर्नोस्, हजुरको छोरोको शरीरभित्र प्लास्टिक जलाएको धुवाँको असर पनि परेको छ । हजुरको छोरालाई रुँघाखोकी पनि लागेको रहेछ । तपाईंलाई थाहा थिएन जस्तो छ, प्लास्टिक जलायो भने यसले हाम्रो वा वरपर बसेका मान्छेहरूको स्वास्थ्यमा पनि प्रत्यक्ष असर पर्छ । तातो खाना, तातो पेय पदार्थ प्लास्टिकको भाँडोमा राख्न हुँदैन, प्लास्टिकजन्य पदार्थलाई बालेर आगो ताप्न लगाउनु चाहिँ स्वास्थ्य र वातावरणको लागि अत्यन्तै हानिकारक हुन्छ । अबदेखि आफूले सिकेर अरुलाई पनि शिक्षा दिनुहोला ।" आमालाई आफू अल्छी बनेकोमा पछुतो भयो । उनले प्रकाशलाई उपचार सकेर घर लिएर गइन् । त्यो समयदेखि उनी सचेत र स्वावलम्बी बनेर दैनिक काममा एकदमै सचेत बन्न थालिन् । आजकल त कसैले प्लास्टिक जलाएको देख्नासाथ नजलाउन सल्लाह दिँदै साथमा छोराको उदाहरणलाई पनि सुनाउन थालिहाल्छिन् ।





प्लास्टिक नजलाऔँ

दीपिसा राना मगर
कक्षा : सात



प्लास्टिक प्रयोगले आजभोलि मानव स्वास्थ्यमा प्रत्यक्ष र नकारात्मक असर पर्न गएको देखिन्छ। यसलाई जलाउँदा यसले मानिसमा श्वास-प्रश्वास सम्बन्धी रोगलाई बढाएको छ । हृदयरोग, क्यान्सर, मानसिक तनाव जस्ता समस्याहरू पनि बढ्दै गएको कुरा वैज्ञानिकहरू बताउँछन् । फोहोर, प्रदूषण बढाउने प्लास्टिकजन्य पदार्थलाई हामीले राम्ररी व्यवस्थापन गर्नु आवश्यक छ । प्लास्टिकजन्य वस्तुलाई जथाभावी फाल्यौँ भने यसलाई गाईभैँसी लगायत अन्य जनावरले खाएमा तिनलाई पनि नराम्रोसँग असर गर्छ । प्लास्टिक कागज जस्तो होइन । त्यसैले प्लास्टिकको प्रयोग गर्नु राम्रो होइन र गरे पनि जथाभावी फाल्नु हुँदैन । बरु आफूले त्यस्ता प्लास्टिकजन्य वस्तुलाई वरिपरि कतै देखिएको छ भने कुहिने र नकुहिने वस्तुको दुई भागमा वर्गीकरण गर्नुपर्छ । प्लास्टिकजन्य वस्तुलाई जलाउनु हाम्रो स्वास्थ्य र प्रकृतिकै लागि हानिकारक विषय हुन् ।

प्लास्टिकलाई जलाएमा त्यसको धुवाँले हामीलाई असर गर्ने भएकाले त्यसलाई पुनः प्रयोग गर्ने व्यवस्था गर्नुपर्छ । यसलाई जमिनमा फाले पनि माटोले मक्काउन नसक्ने भएकाले यसलाई राम्रोसँग व्यवस्थापन गर्नुपर्छ । हामीले जानेको कुरा अरुलाई पनि सिकाउने र आफूभन्दा ठूला मानिससँग यस्ता कुराका बारेमा सिक्नुपर्छ। यसो गरेमा वातावरणको रक्षा गर्न सकिन्छ र हाम्रो स्वास्थ्यमा आउने असरबाट पनि जोगिने अवसर मिल्छ ।

प्लास्टिक प्रयोग नगरौँ

मनिसा मौराती
कक्षा : छ



प्लास्टिक आज हाम्रो जीवनको आवश्यक वस्तु बनेको छ । यो मूलतः कडा र नरम प्रकृतिको रहेको पाइन्छ । हामीले जति प्लास्टिकको प्रयोग गरिरहेका छौँ त्यति वातावरणलाई बिगारिरहेका छौँ । वास्तवमा प्लास्टिकलाई सङ्कलन गरेर यसलाई पुनर्प्रयोग गर्ने प्रावधान मिलाउनुपर्छ । प्लास्टिकलाई जथाभावी प्रयोग गर्दा वातावरण बिग्रन्छ । हामीले चाउचाउ, बिस्कुट, कुरमुरे आदि खाएर जथाभावी फाल्दा प्रकृतिलाई नै खराब बनाइरहेका छौँ। हामीले फोहोर पदार्थलाई डस्टबिनमा राख्ने गर्नुपर्छ । प्लास्टिकलाई एकपटक प्रयोग गरिसकेपछि अर्को पटक प्रयोग गरी पैसा कमाउने विधिका बारेमा हामी सचेत बन्नुपर्छ । आजभोलि हामीले फोहोरलाई गेटमा लगेर फाल्ने गरेका नराम्रा आदतलाई सुधार्नु आवश्यक हुन्छ। हामीले वास्तवमा वातावरणलाई सफा गर्न जानिरहेका छैनौँ । वातावरण जोगाउनु हामी सबैको कर्तव्य हो। हामीले असल मानिसको परिचय दिनुपर्छ। फोहोरजन्य वस्तुलाई खोलामा फाल्नु भनेको प्रकृतिलाई बिगार्नु हो ।

हामीहरू प्लास्टिकका नकारात्मक कुराहरूलाई थाहा पाएर पनि प्रयोग गरिरहेका छौँ । यसको असरका बारेमा हामीलाई थाहा हुँदाहुँदै पनि हामी प्रकृतिलाई बिगारिरहेका छौँ । यसर्थ यसका बारेमा बुझेका मानिसहरूले प्रकृतिको रक्षा गर्ने कुरामा सक्षमता प्रकट गर्न जान्नुपर्छ । हामी अब प्लास्टिकलाई प्रयोग नगरौँ । गर्नुपरे पनि कमसेकम राम्ररी संयोजन गरौँ । बाटामा जथाभावी प्लास्टिक र अन्य कुनै पनि प्रकारका फोहोरलाई नफालौँ । हाम्रो वातावरणलाई हामीले नै सफा राखौँ ।





प्लास्टिकको दुरूपयोगले मौसम परिवर्तन

दीक्षा सिटौला
कक्षा : छ



वर्तमान युग विज्ञान र प्रविधितिर आकर्षित बनेको युग हो । वैज्ञानिकहरूले विभिन्न प्रविधिहरूको प्रयोग गरेर विभिन्न किसिमका सामग्रीहरू निर्माण गर्न थालेका छन् । यसमा प्लास्टिक पनि विज्ञानकै देन हो । विभिन्न किसिमका रसायनहरू मिसाएर प्लास्टिकको निर्माण गरिएको हुन्छ । प्लास्टिकको प्रयोग वातावरणका लागि घातक हुन्छ । यसर्थ यिनमा हामी असल मानिस बनेर सचेत बन्ने बेला आएको छ । प्लास्टिकलाई जथाभावी जलाउँदा त्यसबाट निस्कने विभिन्न किसिमका धुवाँहरूले वातावरणलाई प्रदूषित तुल्याउँछ । प्लास्टिक जलाउँदा निस्कने रसायनयुक्त धुवाँले सजीव प्राणीको श्वासप्रश्वास तथा वातावरणमा प्रतिकूल असर पारिरहन्छ । यो त मानिसका लागि मात्रै होइन अन्य सबै सजीव प्राणीका लागि हित विपरीत बन्छ । आफ्नो काम सकेर जथाभावी फाल्नाले यसले वातावरणलाई नै बिगार्छ । वातावरण फोहोर भएपछि यसको असर प्राकृतिक सम्पदामा पनि पर्छ । रुखबिरुवा, मानिस, जीवजन्तुलाई त असर पार्छ नै यसका कारणले पानीका मुहान सुक्न सक्ने वैज्ञानिकहरू बताउँछन् । प्लास्टिक जलाउँदा निस्कने धुवाँले मौसम अर्थात् जलवायु परिवर्तनमा विशेष भूमिका खेलेको हुन्छ ।

वातावरणमा बेलाबेलामा विभिन्न खाले उथलपुथल आउने गर्दछन् । खडेरी, अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, भू-क्षय, भूकम्प जस्ता विभिन्न खाले विपत्तिहरूलाई निम्त्याउने सम्मका असर जलवायु परिवर्तनका कारणले उत्पन्न हुन्छन् । यसको एउटा कारक प्लास्टिकको दुरुपयोग पनि हो । प्लास्टिकका कारण माटो प्रदूषण हुन्छ । यसलाई जलाउँदा वायुमण्डलमा नकारात्मक असर पार्छ । अतः प्लास्टिकको दुरुपयोगको असरका बारेमा सकेसम्म सबैलाई जानकारी गराउनुपर्छ । प्लास्टिकको सदुपयोग गर्नु भनेको वातावरणको संरक्षणमा योगदान दिनु हो । वातावरणको रक्षा गर्नमा हामी आफैं पनि लाग्नुपर्छ । सरकारले यसका बारेमा सचेत भएर अघि बढ्नु आजको आवश्यकता हो ।





Children's Voice: Beat Plastic Pollution

Samakhushi English Boarding School



Adverse Effect of Plastic

Puspanjali Thapa
Class: 4



